जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १६८ २०८२ साल माघ २० गते मंगलबार (3 Feb 2026 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : बढ्दो अतिक्रमण र प्रदूषणले ... ३ पृष्ठमा : सरकार कुनै दलको प्रभावमा ... ३ पृष्ठमा : बङ्गलादेशकी पूर्वप्रधानमन्त्री ...

## आन्दोलनको भावना अनुसार काम हुन सकेको छैन : जसपा नेता यादव




**दैनिक समाचारदाता**
**राजविराज, १९ माघ ।**

पूर्व मन्त्री एवं जनता समाजवादी पार्टी नेपालबाट सप्तरी क्षेत्र नं. २ मा प्रतिनिधिसभा सदस्यका उम्मेदवार रहेका उमेश कुमार यादवले जेनजीहरुको दुई दिनकै छोटो आन्दोलनले तत्कालिन सरकार ढलेको भएपनि आन्दोलनको भावना अनुसार काम हुन नसकेको टिप्पणी गरेका छन् ।

प्रेस मञ्च सप्तरीले सोमबार राजविराजमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले यस्तो टिप्पणी गरेका हुन् ।

भदौं २३ गतेको आन्दोलनमा भएको बर्बर दमनबाट २४ गते विध्वंश भई ह्याइज्याकरहरुले विद्रोह मचाएको बताउँदै यादवले ८० बर्षकी बृद्धा नयाँ प्रधानमन्त्री बन्नु र महानगरपालिकाको मेयरबाट राजीनामा दिदै प्रधानमन्त्री बन्न उद्दत हुँदैमा आन्दोलनको भावना लाई समेटन नसकेको जकिर गरे ।

नेता यादवले संविधानमा नमिलेका कुरा संशोधन वा पुनर्लेखनका माध्यमबाट मिलाउनका लागि संघर्ष गर्न पनि आफुहरुको पार्टीले मत पाउनु पर्ने दावी दोहोर्याए ।

आफू नौ महिनका लागि सिंचाई मन्त्री बन्दा सप्तरी लगायत मुलुक भरीकै लागि अघि बढाएका योजना तथा पार्टी अध्यक्ष उपेन्द्र यादवको कार्यकालमा भएका विकासिय कार्यक्रमको समेत फेहरिस्त प्रस्तुत गर्दै उनले त्यसप्रति आगामी निर्वाचनमा जनताले यथोचित मुल्यांकन गर्ने विश्वास व्यक्त गरे ।

प्रेस मञ्च सप्तरीका अध्यक्ष धर्मपाल राउतको अध्यक्षतामा आयोजित पत्रकार सम्मेलमा सञ्चारकर्मीहरु संगै जसपा नेपालका नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

## प्रत्यक्षतर्फको ३० लाख मतपत्र छापियो

काठमाडौँ, १९ माघ (रासस) ।

आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फ हालसम्म ३० लाख मतपत्र छपाइ भएको छ । निर्वाचन आयोगका अनुसार कूल २५ जिल्लाको मतपत्र छपाइ गरिसकेको छ ।

आयोगले जनक शिक्षा सामग्री केन्द्र भक्तपुरमा मतपत्र छपाइ नियमित रुपमा भइरहेको जनाएको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फको दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ यसअघि सम्पन्न भइसकेको छ ।

त्यसैगरी मतदाता शिक्षा प्रयोजनका लागि १० लाख ९८ हजार २०० थान नमूना मतपत्र छपाइ सम्पन्न भइसकेको छ ।

***बाँकी अन्तिम पृष्ठमा***

## पूर्वमन्त्री एवं बामपन्थी नेता देवले छाडे एमाले




**दैनिक समाचारदाता**
**राजविराज, १९ माघ ।**

एमालेका नेता एवं पूवमन्त्री जीतेन्द्र नारायण देवले पार्टी परित्याग गरेका छन ।

सोमवार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी उनले पार्टी परित्यागको घोषणा गरेका हुन ।

पूर्वराष्ट्रियसभा सदस्य समेत रहेका उनले एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टी भित्र हैकमवादी चलाएको, जनभावनाको कदर नगरेको तथा एकल र मनपरी ढंगले पार्टी चलाएको प्रमुख आरोप लगाएका छन ।

यस्तै देशमा विद्यमान कुशासन, भ्रष्टाचार, लुटतन्त्र तथा बेरोजगारी विरुद्ध भदौ

२३ गते भएको जेनजी आन्दोलन आक्रोसको विष्फोट भएपनि अध्यक्ष ओली सच्चिनुका सट्टा यसलाई “विदेशी षडयन्त्र” भन्ने र पार्टीलाई ब्यक्तीवाद र देवत्वकरण तीर स्वेच्छाचारी र विभेदकारी ढंगले पार्टी चलाएको उनले राजीनामाको अर्को कारण देखाएका छन ।

उनले एमाले संघियता बिरोधी पार्टी भएको आरोप लगाउदै उक्त पार्टीमा वसेर काम

***बाँकी अन्तिम पृष्ठमा***

## प्रतिनिधिसभा सदस्य निर्वाचन : आयोगले सोध्यो २९ स्पष्टीकरण

काठमाडौँ, १९ माघ (रासस) ।

निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने थप नौ जनालाई स्पष्टीकरण सोधेको छ । शनिबारसम्म आयोगले २१ स्पष्टीकरण माग गरेकामा आइतबार र सोमबार गरी थप नौ स्पष्टीकरण माग गरेको हो ।

आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार बाजुरामा राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) का उम्मेदवार हेमराज थापाले पिएस बानियाँ जेभीले ठेक्का लिएको मार्तडी-कोल्टी सडक निर्माण परियोजनाको विषयलाई जोडी बाग्मती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई लक्षित गरी मुख्यमन्त्री कार्यालयमा आएर अपमानजनक र धम्कीपूर्ण भाषा प्रयोग गर्नाका साथै सामाजिक सञ्जालमा पोष्टसमेत गरेको उजुरी आएकाले स्पष्टीकरण सोधिएको छ । तपाईंले बाग्मती प्रदेशका मुख्यमन्त्री बानियाँका सम्बन्धमा अपमानजनक, धम्कीपूर्ण र अपशब्दयुक्त अभिव्यक्ति दिनुभएको हो वा होइन ? उजुरीमा उल्लेख भए जस्तो आर्थिक स्रोत सङ्कलन गर्दा निर्वाचन आचारसंहिता, २०८२ बमोजिमको व्यवस्थाको पालना गर्नु भएको छ वा छैन ? भनी उम्मेदवार थापालाई स्पष्टीकरण सोधिएको उहाँले बताउनुभयो ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा २१ को खण्ड ( च), दफा २५ को उपदफा (१) को खण्ड (च) र (ज) बमोजिम बाजुराका उम्मेदवार थापालाई तीन दिनभित्र जवाफ माग गरिएको प्रवक्ता जिसीले बताउनुभयो । निर्वाचन उम्मेदवार लक्षित भ्रामक/अमर्यादित सन्देश प्रकाशन तथा प्रसारण गर्ने विभिन्न व्यक्ति तथा सञ्चारमाध्यमका बारेमा आयोगले प्रेस काउन्सिल नेपाललाई कारबाहीका लागि लेखी पठाएको छ ।

यस्तै राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) झापा जिल्ला निर्वाचन क्षेत्र नं ५ का उम्मेदवार बालेन्द्र शाहलाई आयोगले आइतबार दोस्रोपटक स्पष्टीकरण सोधेको छ । सादा पोसाकका प्रहरी बालेनलाई भोट माग्दै भन्ने बेहोराको श्रव्यदृश्य सामग्री प्राप्त भएकाले दोस्रोपटक

***बाँकी अन्तिम पृष्ठमा***

**योग गरौं, स्वस्थ जीवन अपनाऔं**

- नियमित व्यायाम तथा योगले तनाववाट राहत दिन्छ।
- योग अभ्यासले शरीरलाई लचिलो, मनलाई शान्त र सोचलाई सकारात्मक बनाउँछ।
- नियमित योगले उच्च रक्तचाप, मधुमेह, मोटोपन तथा तनावजन्य रोग नियन्त्रण गर्न मद्दत गर्छ।
- विहान वा साँझ कम्तीमा ३० मिनेट योग अभ्यास गर्ने वानी वसालौं।
- योग गर्दा स्वच्छ वातावरण, खाली पेट र सहज आसनको प्रयोग गरौं।
- वालबालिका, युवा, वृद्ध सवैका लागि योग लाभदायक छ।
- योग उपचारात्मक भन्दा रोग निरोधात्मक विधि हो।

योग गरौः स्वास्थ्य बनौं।

नेपाल सरकार
विज्ञापन वोर्ड

## सम्पादकीय ....

### बजेटको दुरुपयोगप्रति सबै सचेत होऔं

सरकारी बजेटको दुरुपयोग बढ्दै गएको बेला हरके व्यक्तिहरु यसप्रति सचेत हुनु पर्ने आवश्यकता रहेको छ। विभिन्न निकायबाट खर्च हुने बजेटको सदुपयोग की दुरुपयोग भइरहेको कुरालाई पहिचान गर्नुपर्ने बेला आएको छ। प्राय स्थानीय निकायबाट आर्थिक वर्षको अन्त्यतिर विकासीय कार्यहरु गर्ने होडबाजी नै चल्ने गरेको हुन्छ। प्रदेश र स्थानिय तहका ती कार्यहरु आर्थिक वर्षको अन्त्यतिर नै गर्ने गरिन्छ। आर्थिक वर्षको सुरुमा विभिन्न ती कार्यहरुको स्थलग, कागजी प्रक्रिया तथा कार्यालय तालमेल मिलाउने गरिन्छ। र अन्त्य तिर यसलाई कार्यान्वयनका लागि बजेट निकासा गरिन्छ।

वर्षभरिका लागि बिनियोति गरिएको बजेटलाई असार मसान्तभित्रै सम्पन्न गर्नुपर्ने बाध्यता रहेकोले विकासीय कार्यहरुले तिब्रता पाउछ। अर्को शब्दमा यसलाई बजेट सकाउनैका लागि असारे कामहरु गर्ने बुझिन्छ। जसरी तसरी सम्पन्न गर्न गराउन अहिले पालिकाहरु लागिपरेका छन्। यसरी वर्षभरी काम नगर्ने असारमै काम गरेर बजेट सकाउने उदेश्यले गरिने कामहरु निगरानी आवश्यक छ।

त्यस्ता असारे कामहरुप्रति जनता सजग हुनुपर्छ, तर त्यस्तो देखिन्न्। तसर्थ जनतासँग सरोकार राख्ने जुनसुकै पनि विकासी कार्यहरु कस्तो खाले भइरहेको छ भन्ने कुरामा सबै सचेत हुनु आवश्यक छ। बजेटको सदुपयोग की दुरुपयोग भइरहेको छ भन्ने कुरा पनि ध्यानमा राख्नु उत्तिकै आवश्यक छ। नामका लागि मात्र गरेमा यसले दिर्घकालिन असर पुर्‍याउनुक साथै हामी जनतालाई नै यसबाट क्षति पुग्ने निश्चित छ। यसर्थ सुरुदेखी लागेको बानी एकैपटक नसुध्रिने कारणले अब जनता यसप्रति खबरदारी गर्ने बेला आएको छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# बढ्दो अतिक्रमण र प्रदूषणले सङ्कटमा सिमसार

**भीष्मराज ओझा**

काठमाडौँ, १९ माघ (रासस)।

'सिमसार र परम्परागत ज्ञान: सांस्कृतिक सम्पदाको सम्मान' भन्ने नाराका विभिन्न कार्यक्रमसहित नेपालमा पनि सोमबार विश्व सिमसार दिवस मनाइँदै छ।

प्रत्येक वर्ष 'फेब्रुअरी २ तारिख'मा विश्वभर मनाइने यस दिवसले जलवायु परिवर्तनकाका कारण प्रभावित सिमसार क्षेत्रको संरक्षण र संवर्द्धनमा विश्व समुदायको ध्यानाकर्षण गराउँदै आएको छ। यस वर्ष तय गरिएको नाराले सिमसार क्षेत्रसँगै मानवको पराम्परागत ज्ञान र सांस्कृतिक सम्पदा संरक्षणलाई प्राथमिकता दिएको छ।

सिमसार भन्नाले पानीको मुहानलगायत दलदल एवं पानी जमेको क्षेत्रलाई जनाउँछ। ताल, तलैया, पोखरी, नदी, खोला, झरना, धानखेत आदि सिमसार क्षेत्रअन्तर्गत पर्दछन्। जैविक विविधताको दृष्टिले महत्वपूर्ण प्राकृतिक स्थलका रूपमा रहेको सिमसारले विभिन्न प्रजातिका जीवजन्तु तथा वनस्पतिलाई बासस्थान प्रदान गर्नाका साथै मानिसको जीवनयापनका लागि अत्याआवश्यक वस्तुको सुनिश्चित गर्दछ।

सिमसार क्षेत्रको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले यो दिवस मनाइने गरेको छ। नेपालमा पछिल्लो पटक मानवीय गतिविधिको अतिक्रमण र जलवायु परिवर्तनका असरले मौसममा देखिएको परिवर्तनसँगै सिमसार क्षेत्र सङ्कुचित हुँदै गएको देखिन्छ। तिनको क्षेत्रफल र गुणस्तर घट्दै गइरहेको छ। केही स्थानका सिमसार लोपसमेत भइसकेका छन्।

यसै सन्दर्भमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका सूचना अधिकारी हरिभद्र आचार्यले पछिल्लो समय अव्यवस्थित रूपमा गरिने विकास निर्माणका पूर्वाधार, सिमसार क्षेत्र नजिक बढ्दो जनसङ्ख्या, प्रदूषण र मानव बस्तीका कारण सिर्जित विविध समस्यासहित उद्योग-कलकारखानाबाट निस्कने फोहरमैला सोझै नदी तथा सिमसार क्षेत्रमा विसर्जन गर्ने प्रवृत्तिका कारण सिमसार क्षेत्रका लागि चुनौती थपिएको बताउनुभयो।

**अतिक्रमण र अत्यधिक दोहनको चुनौती**

त्यस्तै जलवायु परिवर्तनका कारण अनपेक्षित रूपमा अत्यधिक वर्षा भई बाढीपहिरोसहित विकराल समस्या सिर्जना हुनु र लामो समयसम्म वर्षाको अभावमा जमिन सुक्खा हुनु, गरिबी र बेरोजगारीका कारण सिमसार क्षेत्र अतिक्रमण हुनु, परम्परागत कृषि प्रणालीमा भएको रूपान्तरण, सिमसारजन्य स्रोतको अधिक दोहन, बाह्य मिचाहा प्रजातिको अतिक्रमण, रासायनिक मल र विषादीको मिसावट पनि सिमसारका पछिल्ला प्रमुख चुनौती बनेका उहाँले बताउनुभयो।

विश्वव्यापी रूपमा सिमसार क्षेत्रको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले सिमसार महासन्धि (रामसार महासन्धि) सन् १९७१ मा इरानको रामसार सहरमा भएको थियो। रामसार महासन्धिमा हस्ताक्षर गरिएको दिन 'फेब्रुअरी २ तारिख'लाई स्मरण गर्दै विश्व सिमसार दिवस मनाउन सुरु गरिएको हो।

रामसार महासन्धिले अन्तरराष्ट्रिय महत्व बोकेका तथा अति संवेदनशील सङ्कटापन्न र खतरापूर्ण जैविक प्रजाति वा पारिस्थितिकीय समुदायलाई आश्रय प्रदान गर्ने सिमसारलाई रामसारको सूचीमा सूचीकृत गर्ने व्यवस्था गरेको छ। हालसम्म यसमा आबद्ध देशको सङ्ख्या १७२ पुगेको छ। साथै दुई हजार ४२२ सिमसार रामसारको सूचीमा सूचीकृत छन्। सन् १९८७ डिसेम्बर १७ मा कोशीटप्पु वन्यजन्तु आरक्षलाई रामसार क्षेत्रमा सूचीकृत गरेर नेपाल सन् १९८८ अप्रिल १७ देखि रामसार महासन्धिको पक्ष राष्ट्र बनेको हो।

जनचेतनाको कमी र सूचनाको अभावका कारण मानवीय गतिविधिले सिमसारको अतिक्रमण बढ्दो छ। वन तथा वातावरण मन्त्रालयअन्तर्गतका निकुञ्ज तथा विभागले यस दिवसका अवसरमा वन परिसर प्रवेशद्वारमा रहेको 'होर्डिङ बोर्ड'मा नारा अङ्कित ब्यानर अनावरण गर्ने गरेको छ। यसबाहेक प्रदेशका वन मन्त्रालय, संरक्षित क्षेत्र र डिभिजन वन कार्यालयले आ-आफ्नो तहबाट विभिन्न कार्यक्रम आयोजना गरी यो दिवस मनाउने गरिएको विभागका महानिर्देशक डा बुद्धिसागर पौडेलले जानकारी दिनुभयो।

सिमसार क्षेत्रमा पछिल्लो समय पानीका स्रोत घट्दै गएको उल्लेख गर्दै उहाँले तीनै तहका सरकारको समन्वयमा सिमसार संरक्षणका लागि विद्यमान पोखरीको संरक्षण र नयाँ पोखरी निर्माण गर्ने काम भइरहेको जानकारी दिनुभयो।

रामसार सूचीमा हाल नेपालका कोशीटप्पु, घोडाघोडी ताल क्षेत्र, जगदीशपुर जलाशय, बिसहजारी तथा आसपासका ताल, राराताल, फोक्सुन्डो ताल, गोसाइँकुण्ड तथा आसपासका ताल, गोक्यो तथा आसपासका ताल, माईपोखरी र पोखरा उपत्यका विभिन्न ताल सूचीकृत छन्। यी सिमसार क्षेत्रले ओगटेको कुल क्षेत्रफल ६० हजार ५६१ हेक्टर छ। सिमसार संसारको सबैभन्दा जैविक विविधता भएको बासस्थानमध्ये एक हो र धेरै लोपोन्मुख प्रजातिको बासस्थान पनि हो। विश्वको ४० प्रतिशत वनस्पति र वन्यजन्तुको बासस्थान यही क्षेत्रमा रहेको पाइन्छ।

सिमसार लाखौं घुमन्ते चरा, माछा, उभयचर, कीटपतङ्ग र बोटबिरुवाका लागि महत्वपूर्ण बासस्थान भएको उल्लेख गर्दै महानिर्देशक डा पौडेलले भन्नुभयो, "नेपालमा पाइने १७२ लोपोन्मुख प्रजातिका वनस्पति र प्राणी सिमसारमा आश्रित छन्। नेपालमा पाइने ८७८ प्रजातिका चरामध्ये सिमसार क्षेत्रमा १९३ प्रजातिका चरा, २० प्रजातिका मेरुदण्ड भएकामध्ये १७ प्रजातिका जीव र सात हजार प्रजातिका वनस्पतिमध्ये २५ प्रतिशत सिमसारमा आश्रित रहेको विभागको तथ्याङ्क छ। त्यस्तै २४६ रैथाने फुल्ने प्रजातिका वनस्पति सिमसारमा आश्रित छन्।"

विश्वको करिब नौ प्रतिशत र नेपालको करिब पाँच प्रतिशत भूभाग सिमसार क्षेत्रले ओगटेको छ। नेपालका तराई, पहाड र हिमाली क्षेत्रमा अन्तरराष्ट्रिय महत्व बोकेका सिमसार क्षेत्र छन्। विश्व संरक्षण सङ्घ नेपालको अभिलेखअनुसार नेपालमा १६३ सिमसार तराईमा छन्भने ७९ सिमसार हिमाली तथा पहाडी क्षेत्रमा छन्।

सिमसारले जलवायु परिवर्तन तथा भूविनाशको असरलाई न्यूनीकरण गर्दै पर्यावरणीय सुरक्षा कवचसमेत प्रदान गर्दछ। पछिल्लो समय पर्यापर्यटनको गन्तव्य बन्दै गएको सिमसार क्षेत्रमा पाइने चराचुरुङ्गी, वन्यजन्तुको अवलोकनलगायत प्राकृतिक सौन्दर्यको अनुभव पनि यसले उपलब्ध गराएको छ।

**सिमसार क्षेत्र संरक्षणका लागि कानुनी र नीतिगत व्यवस्था**

वन मन्त्रालयले सिमसार क्षेत्रका चुनौतीलाई मध्यनजर गरी प्रदेश र स्थानीय तहसँगको समन्वयमा सिमसार क्षेत्र संरक्षणसम्बन्धी विभिन्न कार्यक्रम तथा नीति अघि बढाएको वन मन्त्रालयका प्रवक्ता विशाल घिमिरेले जानकारी दिनुभयो। सिमसार क्षेत्रको दिगो उपयोगबाट तीनै तहका सरकारको सहभागितामा स्थानीयले पाउने लाभको व्यवस्थापन गर्दै आएको बताउनँदै उहाँले भन्नुभयो, "सिमसारको संरक्षणका लागि स्थानीयमा जनचेतना र जागरणका कार्यक्रम सञ्चालन हुँदै आएका छन्, यसको महत्व र संरक्षण बारेमा नयाँ पुस्तामा ज्ञान र सीप हस्तान्तरणका लागि विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन्।"

सरकारले सिमसार क्षेत्रको संरक्षणका लागि विभिन्न कानुनी र नीतिगत व्यवस्था गरेको पनि उहाँले जानकारी दिनुभयो। नेपालको संविधान, जलस्रोत संरक्षण ऐन-२०४९, स्थानीय सरकार सञ्चालन ऐन-२०७४, वातावरण संरक्षण ऐन- २०७६, जलचर संरक्षण ऐन- २०१७, राष्ट्रिय सिमसार नीति-२०६९ एवं आवधिक योजनाहरू तथा राष्ट्रिय रामसार रणनीति तथा कार्ययोजनालगायत नीति र कानुनमार्फत सिमसारको संरक्षण, संवर्द्धन र व्यवस्थापनमा सरकारले प्रतिबद्धता जनाउँदै आएको छ।

सिमसारमा जल र जमिनको क्रिया र प्रतिक्रियाबाट जल परिचालन र शुद्धिकरणको प्रक्रिया चलिरहने हुनाले सिमसारलाई 'प्रकृतिको मिर्गौला' पनि भन्ने गरिन्छ। सिमसारले वस्तु र सेवा प्रदान गर्नाका साथै पानीका स्रोत संरक्षण गर्छ। पानीको गुणस्तर कायम राख्न, जलचक्र र जलवायुलाई नियमित गर्न तथा तापमानलाई सन्तुलन गर्न पनि सिमसारको महत्व छ। तसर्थ यसको संरक्षणमा सबैको हातेमालो आवश्यक छ।

# बुद्धको सन्देश बोकेका भिक्षुहरूको अमेरिकामा 'लङ्ग मार्च'

**मधुकर अधिकारी**

वाशिङ्गटन डिसी (अमेरिका), १९ माघ (रासस)।

अमेरिकामा जनवरी महिना यसै चिसो हुन्छ। मानिसहरू हरेक काम र यात्राका लागि जनवरी महिनामा योजना बनाउँदैनन्। तर मानव हितका लागि भनेर विश्वभरि शान्तिको सन्देश सम्प्रेषण गर्नका लागि बौद्ध भिक्षुहरू भने हिउँका पहाड छिचोल्दै र शून्य डिग्रीको तापक्रमलाई समेत बेवास्ता गर्दै लामा राजमार्गमा निष्फिक्री हिँडिरहेका छन्।

गेरु वस्त्र धारणा गरेका दायाँ र बायाँ हातमा आफ्ना आवश्यक सामग्रीको गह्रौं झोला बोकेर लामो यात्रामा निस्किएका यी भिक्षुहरूले मानवता, भ्रातृत्व र शान्तिको सन्देश दिइरहेका छन्। विश्वको विभिन्न भूगोलमा अशान्त वातावरणको हजारौँले अनाहकमा जीवन गुमाइरहेको र अझै डरलाग्दो युद्धको कालो बादल मडारिरहेको बेलामा शान्तिको सन्देश बोकेर जागरण गराइरहेका भिक्षुहरूले मानव कल्याण नै सर्वोपरि ठानेका छन्।

विश्वभरि र अमेरिकामा अन्तरमनको शान्ति तथा मानसिक शान्तिको जागरण ल्याउनका लागि भन्दै पच्चीस सय वर्ष अगाडि नेपालमा जन्मिएका गौतम बुद्धको अनुयायी बनेर जीवन व्यतित गर्नुभएका भिक्षुहरू 'शान्तिको लागि पदयात्रा' (वाक फर पिस) नाम दिएर १२० दिने पैदल यात्रामा निस्किएका छन्।

फोर्टवर्थमा रहेको ह्योङ्ग दो विपश्यना भावना सेन्टरले संयोजन गरेर विश्वमा अहिंसा, शान्ति, करुणा र सचेतनाका लागि शान्तिका लागि पदयात्रा आयोजना गरिएको हो। अक्टोबर २६ तारेखदेखि प्रारम्भ भएको यो यात्रा आगामी साता समापन हुने अपेक्षा गरिएको छ।

उहाँहरूको यात्राले अन्तिम गन्तव्य तय गरिरहेको छ। उहाँहरू अमेरिकाको राजधानी डिसीतर्फ पाइला लम्काइरहेका छन्। यस अवधिमा उहाँहरूले योजना गरेअनुसार १०० दिनको यात्रा पूरा गरिसकेका छन्। अमेरिकाको टेक्सास राज्यको फोर्टवथबाट राजधानी वाशिङ्गटन डिसीसम्म दुई हजार ३०० माइल अर्थात् तीन हजार ७०० किलोमिटरको यो यात्रामा कतिपय राज्यहरूमा स्टेटका गभर्नरहरूले समेत स्वागत गर्ने, प्रोक्लोमेसन जारी गर्ने र यात्रालाई उत्साह थप्ने काम गरिरहेका छन्।

खासमा यो पदयात्राले धार्मिक सहिष्णुता र मानव शान्तिका लागि सहकार्यको सन्देश सम्प्रेषण गर्न खोजेको देखिन्छ। शुभारम्भको बेलामा पनि विभिन्न धार्मिक समुदायका व्यक्तिले उपस्थित भएर मानवता, एकता र धार्मिक सहिष्णुताको सन्देश दिएका थिए।

पछिल्ला वर्षहरूमा विभिन्न कारणले विश्वमा आममानिसको मानसिक स्वास्थ्यमा गम्भीर विचलन आइरहेको सन्दर्भमा भिक्षुहरूले शान्तिको झन्डा बोकेर अमेरिकाको विशाल भूमिमा लामो पदयात्रा गर्नु यसै पनि सकारात्मक रहेको छ।

आफनो पदयात्राका लागि पाइला सारका भिक्षुहरूले अनवरत रूपमा आफ्नो यात्रालाई निरन्तरता दिनुभएका भिक्षुहरूलाई स्थानीय जनसमुदाय, स्थानीय सरकारी संयन्त्र, सुरक्षाकर्मीले 'स्कट' गरिरहेका छन्। पछिल्लो साता अमेरिकामा परेको भारी हिमपातको बीचमा पनि शान्तिको सन्देश दिन पदयात्रामा रहेका भिक्षुहरूले गरेको साहस र

बाँकी तीन पृष्ठमा

# सरकार कुनै दलको प्रभावमा छैन : प्रधानमन्त्री कार्की

काठमाडौँ, १९ माघ (रासस)।

प्रधानमन्त्री सुशीला कार्कीले केही मन्त्रीले पदबाट राजीनामा दिएर निर्वाचनमा भाग लिएकै आधारमा सरकारमाथि कुनै दलको प्रभाव रहेको भन्ने आरोप लगाउनु सही नभएको स्पष्ट गर्नुभएको छ।

राष्ट्रियसभाको सोमबारको बैठकमा सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले सरकार छाडेर चुनावमा जानु कुनै बेइमानी नभएको स्पष्ट गर्नुभयो। "त्यसबेला जेनजी समूहको आग्रहमा उहाँहरूलाई मन्त्री बनाइएको हो। जति दिन बस्नुभयो इमानदार रूपमा काम गर्नुभयो। राजीनामा दिएपछि चुनावमा लड्न वा आफ्नो रुचिको क्षेत्रमा जान पाउनुहुन्छ", प्रधानमन्त्री कार्कीले भन्नुभयो, "अन्तरिक सरकारको मन्त्री छाडेर निर्वाचन लड्न गएकै आधारमा सरकारमा राष्ट्रिय स्वतन्त्र पार्टी वा कुनै दलको प्रभाव छ भन्ने यथार्थ होइन। हामी कसैको प्रभावमा छैनौं। म आफैं पनि कुनै राजनीतिक व्यक्ति नै होइन, त्यसकारण त्यस्तो टिप्पणीहरूको अर्थ छैन।"

बर्तमान सरकारमा मन्त्री रहनुभएका कुलमान घिसिङ, जगदीश खरेल, महावीर पुन र बब्लु गुप्ताले राजीनामा दिएर निर्वाचनको प्रतिस्पर्धामा उत्रनुभएको छ।

**प्रधानमन्त्री कार्कीको पूर्ण विवरण यस प्रकार छ :**

"सम्माननीय अध्यक्षज्यू,

२०८२ भदौ २३ र २४ गते जेनजी युवाहरूको अगुवाइमा भएको आन्दोलनका जगमा गठित अन्तरिम सरकारको प्रधानमन्त्रीको हैसियतले मैले पहिलोपटक राष्ट्रिय सभाको यस गरिमामय बैठकमा उपस्थित भई केही कुरा राख्न पाउँदा मलाई एउटा ऐतिहासिक मोडको साक्षीका रूपमा गम्भीर जिम्मेवारी बोध भएको छ।

हालै सम्पन्न राष्ट्रिय सभाको निर्वाचनबाट निर्वाचित हुनुभएका सम्पूर्ण सदस्यज्यूहरूलाई बधाईसहित उपलब्धिमूलक कार्यकालका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

त्यस्तै आफ्नो कार्यकाल पूरा गरी बिदा हुन लाग्नुभएका माननीय सदस्यज्यूहरूमा बधाई ज्ञापन गर्दै आगामी सुखद जीवनको कामना गर्दछु।

म प्रधानमन्त्री भएकै दिन अर्थात् २०८२ भदौ २७ गते जेनजी आन्दोलनको भावनाअनुरुप तत्कालीन परिस्थितिलाई सामान्यीकरण गरी मुलुकमा थप द्वन्द्व चर्किन नदिन र धनजनको क्षति रोक्न तथा राज्यलाई पुनः संवैधानिक लयमा फर्काउन २०८२ फागुन २१ गते निर्वाचन गर्नेगरी तत्कालीन प्रतिनिधि सभा विघटनका लागि सम्माननीय राष्ट्रपतिज्यूलाई सिफारिस गरेकी थिएँ।

सोही सिफारिसबमोजिम प्रतिनिधि सभाको विघटन भएको र तोकिएको समयमा स्वच्छ, निष्पक्ष र विश्वसनीय वातावरणमा चुनाव सम्पन्न गरी जननिर्वाचित सरकारलाई शक्ति सुम्पन यो सरकार आतुर रहेको व्यहोरा यस सम्मानित सदनमा जानकारी गराउन चाहन्छु।

म यस सदनमा जेनजी आन्दोलनमा सहादत प्राप्त गर्नुभएका सहिदहरूप्रति सम्मान प्रकट गर्दै सहिद परिवारमा पुग्न गएको अपूरणीय क्षतिप्रति गहिरो दुख व्यक्त गर्दछु। साथै आन्दोलनका घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

यसअघि बिभिन्न अवसरमा भनिसकेकी छु कि म कुनै शासकीय आकाङ्क्षा बोकेर, कुनै पदको लालसा लिएर प्रधानमन्त्री भएकी होइन।

बिथोलिएको संवैधानिक व्यवस्थालाई 'ट्र्याक'मा ल्याउन र देशलाई सङ्टबाट बचाउन परिवर्तनकामी युवा पुस्ताको आग्रह, राजनीतिक दलहरू र सम्माननीय राष्ट्रपतिज्यूसँगको छलफलका आधारमा बिषम परिस्थितिमा मैले प्रधानमन्त्रीको जिम्मेवारी लिएकी हुँ।

सम्मानीय अध्यक्ष महोदय,

भदौ २३ र २४ गते जेनजी युवाहरूको नेतृत्वमा भएको विद्रोह हाम्रा शासकहरूमा युवा आकाङ्क्षाको बेवास्ता, मुलुकमा व्याप्त भ्रष्टाचार र राज्य सञ्चालनमा देखिएको संवेदनहीनताबिरुद्धको चेतनाको प्रतिबिम्ब थियो।

संविधानको मर्म र भावनाबमोजिम सुशासन, समृद्धि र विकासको क्षेत्रमा भएका कमी कमजोरी र त्यसबाट सिर्जित असन्तोष, अभाब वा उपेक्षाको कारणले यस आन्दोलनको जन्म भएको कुरालाई हामीले स्वीकार गर्नुपर्दछ।

उक्त आन्दोलन बर्तमान संविधानले परिकल्पना गरेको सङ्घीय गणतन्त्रात्मक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार र सुशासनलगायतका लोकतान्त्रिक मूल्य मान्यतामा हामी खरो उत्रन नसक्नुको परिणाम पनि हो।

यो विद्रोह यस्तो ऐना हो, जसमा हामीले हाम्रा आफ्नै शासकीय त्रुटिहरू र आचरणगत कमजोरीहरू देखिरहेका छौं।

सूचना प्रविधिमा भएको चामत्कारिक विकासबारे जानकार नेपाली युवा पुस्ताले आफ्नो मुलुकमा पनि राज्यका स्रोतसाधन र अवसरमा समान पहुँच, रोजगारी र गुणस्तरीय जीवनको आकाङ्क्षा राखेको छ।

यी आकाङ्क्षा केवल युवाका मात्र होइनन्, बरु नेपालको आर्थिक रूपान्तरणका अनिवार्य सर्त हुन्।

तसर्थ, ती आकाङ्क्षा पूरा गर्न राज्यका तीनै अङ्गहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका जिम्मेवार भई लागिपर्न निकै ढिलाइ भइसकेको छ। यही कारण हामीले ठूलो क्षति बेहोर्नुपरेको छ।

वर्तमान सरकारले जेनजी आन्दोलनमा मृत्युवरण गरेका योद्धाहरूलाई सहिद घोषणा गरी सम्बन्धित परिवारलाई राहत उपलब्ध गराउनाका साथै घाइतेहरूको उपचार तथा जीविकालाई प्राथमिकता दिएर काम गरेको छ।

आन्दोलनका मागहरूलाई सम्बोधन गर्नेगरी सरकार र आन्दोलनकारी प्रतिनिधिबीच मुलुकको राजनीतिक दिशा बदल्ने ऐतिहासिक सम्झौता सम्पन्न भएको छ।

सार्वजनिक निकायका कामकारबाहीलाई पारदर्शी र उत्तरदायी बनाई भ्रष्टाचार न्यूनीकरणमा पूर्ण प्रतिबद्धताका साथ सरकार लागिपरेको छ।

भ्रष्टाचार न्यूनीकरणसम्बन्धी रणनीतिक योजना तथा प्रविधिमा आधारित सुशासनको मार्गचित्र तयारीको कार्य अन्तिम चरणमा पुगेको व्यहोरा यहाँ अवगत गराउन चाहन्छु।

विसं २०८२ फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभाको निर्वाचनका लागि उम्मेदवारको मनोनयन सम्पन्न भई राज्यका स्रोतसाधन निर्वाचनमा केन्द्रित गरिएको छ।

आन्दोलनका क्रममा लुटिएका हतियारहरूमध्ये अधिकांश बरामद भइसकेको र सुरक्षाको पूर्ण प्रत्याभूति गरिएको छ।

एकीकृत निर्वाचन सुरक्षा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। सबै सुरक्षा संयन्त्र परिचालन सुनिश्चित गरिएको छ। चुनावमा देखिएको राजनीतिक दल तथा विभिन्न उम्मेदवारहरूको सहभगिता तथा जनतामा देखिएको उत्साहले नेपाली जनताको लोकतन्त्रप्रतिको आस्था, बिश्वास, भरोसा अनि प्रतिबद्धतालाई दर्शाइरहेको छ।

यो निर्वाचन केवल सदनमा जनप्रतिनिधि पठाउने एउटा नियमित प्रक्रियाको अङ्ग मात्र होइन, बरु यो त नेपाल राष्ट्रको नयाँ राजनीतिक संस्कृतिको प्रस्थानबिन्दु बन्नुपर्दछ भन्ने मेरो सविनय आग्रह छ।

तसर्थ, निर्वाचन आचारसंहिताको पूर्ण पालना गरी आगामी निर्वाचनलाई स्वच्छ र भयरहित वातावरणमा सम्पन्न गर्न म यस सम्मानित सदनमार्फत सबै पक्षसँग हार्दिक अपिल गर्दछु।

परिस्थितिलाई सामान्यीकरण गर्दै निर्वाचनका लागि यो वातावरण बनाउन सङ्घीय सरकारका अवयवका साथै प्रदेश र स्थानीय सरकार, निर्वाचन आयोग, राजनीतिक दल, जेनजी आन्दोलनका अगुवा तथा प्रतिनिधि, नागरिक समाज, कूटनीतिक समुदाय, सञ्चार माध्यम सबैको सहयोग र सद्भावले सम्भव भएको हो।

यसका लागि सम्माननीय अध्यक्षमार्फत सबै पक्षको यस खालको सुझबुझको म उच्च सराहना गर्दछु।

सोमबार हामीले सदाचार नीति सम्बन्धमा छलफल गऱ्यौं। यो भविष्यमा भ्रष्टाचारशून्य नेपाल बनाउने महत्वपूर्ण दस्तावेजका रूपमा आउनेछ भन्ने विश्वास लिएकी छु। तर सदाचार भन्ने कुरा कुनै भाषण, प्रवचन वा दस्तावेजका सुन्दर अक्षरहरूको सजावटले मात्र कायम हुने होइन। यो हामी प्रत्येक सार्वजनिक पदाधिकारीको आचरण र व्यवहारमा प्रदर्शन हुनुपर्ने विषय हो।

जेनजी आन्दोलनमा युवाहरूले उठाएको मूल मुद्दा नै भ्रष्टाचाररहित समाज, सुशासन र सदाचार नै हो।

यो सरकार गठन भएपछि मितव्ययितालाई हामीले प्रमुखताका साथ अङ्गीकार गऱ्यौं। तसर्थ स्रोतसाधनको दुरुपयोग धेरै हदसम्म रोकिएको छ।

हामीले अनावश्यक सुविधा लिएका छैनौं। सार्वजनिक निकाय र नियमनकारी संस्थाहरूले कानुनबमोजिम गर्ने काममा कुनै प्रकारको अवाञ्छित दबाब दिएका छैनौं।

पूर्ण रूपमा व्यावसायिक स्वतन्त्रताका साथ ती निकायहरूले काम गरिरहेका छन्। त्यसका केही परिणाम अहिले देखिएका छन्। केही दीर्घकालमा देखिने गरी हामीले जग बसालेका छौं। र, यस वर्षका घटनालाई पाठका रूपमा लिँदै आगामी दिनमा कसैले पनि सुशासन कायम होस् भनेर नागरिकले सडकमा आउन नपरोस् भन्नेतर्फ हामी सबै सधैं सचेत हुनुपर्दछ।

यसका लागि सत्ताको मोहमा मग्न हुने होइन, विधिको शासनप्रति हाम्रो निष्ठा अटुट हुनुपर्दछ।

हाल हामीसँग प्रतिनिधि सभा छैन। तर जनताको सही मतबाट छिट्टै प्रतिनिधि सभा आउँदै छ।

हामीसँग राष्ट्रिय सभा छ। यसलाई परिपक्व र बुज्रुकहरूको संस्थाका रूपमा लिने गरिन्छ। देशको हितमा परिपक्व र विवेकसम्मत भूमिका खेल्ने यस स्थायी सदनबाट प्राप्त हुने निर्देशनहरूलाई सरकारले शिरोपर गर्नेछ।

अन्त्यमा, मेरो छोटो कार्यकालको यो अन्तिम चरणमा म के विश्वास दिलाउन चाहन्छु भने, हामीले भत्किएका संस्थाहरूलाई सुव्यवस्थाले जोडेका छौं र एउटा नयाँ आशाको बीउ रोपेका छौं।

मुलुकमा व्याप्त भ्रष्टाचार, दण्डहीनता र अन्यायजस्ता संरचनात्मक कारणहरूको निवारणका लागि सबै निकाय एकजुट भएर लाग्न ढिला नगरौं भन्दै बिदा हुन्छु।"

## बुद्धको सन्देश ...

निरन्तरतालाई समेत यहाँका मानिसहरूले प्रशंसा गरेका छन्।

वाक फर पिसले दिएको जानकारीअनुसार १९ जना भिक्षुले झन्डै दुई हजार माइलको यात्रा सम्पन्न गर्नुभएको छ। उहाँहरूका साथमा एउटा आलोक नाम गरेको कुकुर पनि रहेको छ। पदयात्राको मिडिया समन्वय गरिरहनुभएका डा निरञ्जन बज्राचार्यले यो अभियानले मानव हितका लागि शान्तिको सन्देश सम्प्रेषण गर्ने भएको बताउनुभयो।

यो यात्राका क्रममा भिक्षु आफ्नै नीतिनियममा बाँधिनुभएको छ। उहाँहरू दैनिक २० माइलको यात्राका लागि तय गर्नुभएकामा कतिपय अवस्थामा ३० माइलसम्म यात्रा तय गर्न सफल हुनुभएको आयोजकहरूले राससलाई जानकारी दिएका थिए।

# वीरगञ्ज हुँदै तेलहनजन्य वस्तुको आयात घट्यो

पर्सा, १९ माघ (रासस)।

चालु आर्थिक बर्षको छ महिनामा वीरगञ्ज हुँदै आयात हुने तेलहनजन्य बस्तुको आयातमा घटेको छ।

साउनदेखि पुससम्ममा नाका हुँदै आठ थरिका तेलहनजन्य बस्तुको आयात रू सात अर्ब ६८ करोड मूल्य बराबरको भएको छ। जुन गत आर्थिक बर्षको सोही अवधिमा रु एक अर्ब ५६ करोडले कम हो। गत आवको छ महिनामा रू नौ अर्ब २५ करोड बराबरको तेलहनजन्य वस्तुको आयात भएको थियो।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार उक्त अवधिमा रू चार अर्ब ८० करोड मूल्यको तोरी, रायो, सरूर्यू तील आयात भएको छ।

सोही अवधिमा रू एक अर्ब १७ करोड बराबरका अन्य तेलहनको गेडा आयात भएको छ। कार्यालयका अनुसार उक्त अवधिमा रू एक अर्ब आठ करोड बराबरका भटमासको गेडा, रु ६० करोड बराबरका बदाम मुमफली आयात भएको छ। यो नाका हुँदै आयात हुने तेलहनमा आलस, सूर्यमुखी फूलको गेडा, नरिबलको गुदि कोप्रा सरूर्यूबाहेक अन्य तेलहन अन्नको च्याखला पीठोलगायतको आयात भएको छ।

## विश्व समाचार

### बङ्गलादेशकी पूर्वप्रधानमन्त्री हसिना र भतिजीलाई भ्रष्टाचारमा जेल सजाय

ढाका, १९ माघ (रासस/एपी)।

बङ्गलादेशको एक अदालतले सोमबार पूर्वप्रधानमन्त्री शेख हसिना र उहाँकी भतिजी, बेलायती सांसद ट्युलिप सिद्दिकलाई राजधानी नजिकैको सरकारी टाउनसिप परियोजनासँग सम्बन्धित दुई भ्रष्टाचारको मुद्दामा क्रमशः १० वर्ष र चार वर्षको जेल सजाय सुनाएको छ।

विशेष न्यायाधीशको अदालत-४ का न्यायाधीश मोहम्मद रबिउल आलमले अर्की भतिजी अजमिना सिद्दिक र भतिजा रादवान मुजीब सिद्दिकलाई पनि सात वर्षको जेल सजाय सुनाउनुभएको छ।

देशको आधिकारिक भ्रष्टाचार वाचडगले हसिनाले सरकारी अधिकारीहरूसँग मिलेर ढाका नजिकैको पूर्बाचल न्यु टाउन प्रोजेक्टमा आफ्ना र आफ्ना परिबारका सदस्यहरूका लागि सरकारी नियमअनुसार अयोग्य भए पनि अवैध रूपमा छ वटा प्लट सुरक्षित गरेको आरोप लगाउँदै मुद्दा दायर गरेको थियो।

नोबेल शान्ति पुरस्कार बिजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले फेब्रुअरी १२ मा चुनावको तयारी गरिरहेको बेला यो फैसला आएको हो। हसिनाको पूर्व सत्तारूढ अवामी लिग पार्टीलाई चुनावमा भाग लिन प्रतिबन्ध लगाइएको छ।

हसिना र ट्युलिप सिद्दिक दुवैलाई यसअघि यस्तै मामिलामा सजाय सुनाइएको थियो र दुवैले फैसलाको निन्दा गर्नुभएको छ। सिद्दिकले आफ्नी काकीको १५ वर्षको शासनकालमा सरकारबाट कुनै जग्गा लिएको नभएको बताउनुभएको छ किनभने उहाँ बङ्गलादेशी नागरिक होइन। तर अभियोजनकर्ताका अनुसार उहाँले आफ्नी काकीलाई आफ्नी आमा र दुई भाइबहिनीलाई परियोजनामा जग्गा उपलब्ध गराउन प्रभाव पारेको आरोप लगाइएको छ, जुन सिद्दिकले स्पष्ट रूपमा अस्वीकार गर्नुभएको छ।

शक्तिको दुरुपयोग गरेको आरोपमा हसिना यसअघि परियोजनामा भएको भ्रष्टाचारका अन्य चार मामिलामा दोषी ठहरिनुभएको थियो। ती मामिलाहरूमा अदालतले उहाँलाई कुल २६ बर्षको जेल सजाय सुनाएको थियो भने उहाँका छोरा सजीब वाजेद र छोरी साइमा वाजेदलाई पाँच-पाँच वर्षको जेल सजाय सुनाइएको थियो। हसिनाकी कान्छी बहिनी शेख रेहानालाई सात वर्षको सजाय सुनाइएको थियो। उहाँहरू सबै अहिले विदेशमा हुनुहुन्छ। ट्युलिप सिद्दिक बेलायतमा बस्नुहुन्छ।

विद्यार्थी नेतृत्वको जन विद्रोहपछि निष्कासित भएपछि र आफ्नो १५ वर्षको शासन समाप्त भएपछि हसिना सन् २०२४ को अगस्ट ५ देखि भारतमा निर्वासनमा हुनुहुन्छ। विद्रोहमा सयौं मानिस मारिएपछि उहाँलाई मानवता विरुद्धको अपराधको आरोपमा मृत्युदण्डको सजाय सुनाइएको छ। उहाँले विशेष न्यायाधिकरणलाई 'कङ्गारू अदालत' भन्दै परीक्षण प्रक्रियाको निन्दा गर्नुभएको छ।

हसिनालाई सुपुर्दगी गर्न बङ्गलादेशले गरेको अनुरोधमा भारतले अहिलेसम्म कुनै प्रतिक्रिया दिएको छैन।

### इन्डोनेसियाली 'पेट्रोल गडफादर' विरुद्ध रेड नोटिस

जकार्ता, १९ माघ (रासस/एएफपी)।

इन्टरपोलले २८ करोड ५० लाख अमेरिकी डलर बराबरको ठूलो भ्रष्टाचार काण्डमा संलग्न भएको आरोप लागेका इन्डोनेसियाका चर्चित तेल व्यवसायी मोहम्मद रिजा चालिदको पक्राउका लागि रेड नोटिस जारी गरेको इन्डोनेसियाली प्रहरीले आइतबार राति जनाएको छ।

इन्डोनेसियामा 'पेट्रोल गडफादर' को उपनामले चिनिने ६६ वर्षीय चालिद सन् २०१८ देखि २०२३ सम्म राज्यको स्वामित्वमा रहेको तेल कम्पनी पर्टामिनामा भएको व्यापक भ्रष्टाचार प्रकरणमा संलग्न रहेको आरोपमा खोजी सूचीमा राखिनुभएको छ। उहाँमाथि मनी लन्ड्रिङ गरेको र तेल आयातसम्बन्धी पट्टा तथा सम्झौतामा अनियमित हेरफेर गरेको गम्भीर अभियोग लगाइएको छ।

इन्टरपोलको इन्डोनेसिया नेसनल सेन्ट्रल ब्युरोका सचिव उन्तुङ विड्यातमोकोका अनुसार जनवरी २३ तारिखमा इन्टरपोलले औपचारिक रूपमा रेड नोटिस जारी गरेको हो। उहाँका अनुसार चालिदको हालको ठेगाना सार्वजनिक गर्न नसकिने भए पनि सम्बन्धित निकायसँग आवश्यक जानकारी रहेको सङ्केत गरिएको छ।

रेड नोटिस जारी भएसँगै चालिदलाई पत्ता लगाई अस्थायी रूपमा नियन्त्रणमा लिनका लागि इन्टरपोलका १९६ सदस्य राष्ट्रका कानून कार्यान्वयन निकायहरूलाई अनुरोधसहित सूचना पठाइएको छ। यसले उहाँ अन्तर्राष्ट्रिय स्तरमा खोजी सूचीमा पर्नुभएको छ भन्ने स्पष्ट सङ्केत गर्दछ।

यसअघि जुलाई महिनामा चालिद, उहाँका छोरा मुहम्मद केरी एड्रियान्टो रिजाका साथै पर्टामिनाका थुप्रै उच्च पदस्थ अधिकारीहरूलाई पनि भ्रष्टाचारको मुद्दामा औपचारिक रूपमा अभियुक्तका रूपमा उल्लेख गरिएको थियो। अभियोजन पक्षका अनुसार उनीहरूले आपसी मिलेमतोमा इन्डोनेसियाली कानूनले अनिवार्य गरेको घरेलु स्रोतको सट्टा विदेशी आपूर्तिकर्ताबाट उच्च मूल्यमा कच्चा तेल आयात गर्ने व्यवस्था मिलाएको आरोप छ।

महान्यायाधिवक्ताको कार्यालयले यो योजनाबद्ध निर्णयका कारण राज्यलाई ठूलो आर्थिक क्षति पुगेको दाबी गरेको छ। यस प्रकरणलाई इन्डोनेसियाको ऊर्जा क्षेत्रसँग जोडिएको सबैभन्दा गम्भीर भ्रष्टाचारमध्ये एक मानिएको छ।

यसैबीच, इन्डोनेसियाको अध्यागमन कार्यालयले चालिदको इन्डोनेसियाली राहदानी अक्टोबर महिनामै रद्द गरिएको जानकारी दिएको छ। राहदानी रद्द भएपछि उहाँ विदेशमा रहे पनि औपचारिक रूपमा इन्डोनेसियाली कागजात प्रयोग गर्न नपाउने अवस्थामा पुग्नुभएको छ।

इन्डोनेसिया लामो समयदेखि भ्रष्टाचारविरुद्धको सङ्घर्षमा जुट्दै आएको देश हो। पछिल्ला वर्षहरूमा विभिन्न क्षेत्रका धेरै सार्वजनिक पदधारीहरूविरुद्ध कडा कारबाही गरिएको छ।

सन् २०२३ मा एक पूर्वसञ्चार मन्त्रीले भ्रष्टाचारको अभियोगमा दोषी ठहर भई १५ वर्षको जेल सजाय पाएका थिए। अनुसन्धानकर्ताहरूका अनुसार उक्त प्रकरणका कारण देशलाई ५३ करोड अमेरिकी डलरभन्दा बढी आर्थिक नोक्सानी पुगेको थियो।

# निर्वाचनलाई उच्च प्राथमिकता दिन आयोग र सरकारी सञ्चारमाध्यमबीच छलफल

काठमाडौँ, १९ माघ (रासस)।

निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी सत्य, तथ्य सूचना र सामग्रीलाई व्यापकता दिइ मतदाता शिक्षाको प्रवर्द्धन, सञ्चार अनुगमनलगायतका विषयमा सोमबार सरकारी स्वामित्वका सञ्चारमाध्यम र सम्बन्धित निकायसँग छलफल गरेको छ।

आयोगले निर्वाचन आउन एक महिना बाँकी रहेको सन्दर्भमा निर्वाचनमय वातावरणको सिर्जना, निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र स्वच्छ, निष्पक्ष, भयरहित, पारदर्शी एवं मितव्ययी रूपमा निर्वाचन सम्पन्न गराउन ती माध्यमसँग सहकार्यको योजना पनि मागेको छ। आयोगका निर्वाचन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव राजेन्द्रकुमार केसीले सञ्चारमाध्यमले आफ्नो नियमित जिम्मेवारीका अतिरिक्त निर्वाचनपूर्व, निर्वाचनका समय र निर्वाचनपश्चात्का अवधिमा तथ्यपूर्ण सूचना र समाचार सामग्री उत्पादन तथा प्रकाशन/प्रसारण गरेर निर्वाचनको राष्ट्रिय दायित्वलाई सफल तुल्याउनुपर्नेमा जोड दिनुभयो।

छलफलमा राष्ट्रिय समाचार समिति (रासस) का महाप्रबन्धक सन्दीप राईले राससले चौबिसै घण्टा समाचारीय सेवा प्रवाहमार्फत ६ सयभन्दा बढी सेवाग्राहीलाई राष्ट्रिय/अन्तरराष्ट्रिय समाचार, आलेख, विचार, अन्तर्वार्ता, मातृभाषा सेवालगायत सामग्री सम्प्रेषण गरिरहेको बताउनुभयो। उहाँले निर्वाचन क्षेत्र विशेषका समग्र समाचार सङ्कलनका लागि निर्वाचन डेस्कको स्थापना गरी प्रभावकारी काम भइरहेको जानकारी दिनुभयो।

विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाइँले निर्वाचनका समयमा विज्ञापनमार्फत आचारसंहिताको उल्लङ्घन हुन सक्ने भएकाले त्यसका लागि बोर्डले नियमनको काम गरिरहेको जानकारी दिनुभयो। प्रेस काउन्सिल नेपालका मुख्य प्रशासकीय अधिकृत फणिन्द्र भुसालले निर्वाचन आचारसंहिता र पत्रकार आचारसंहिताको कार्यान्वयनका लागि काउन्सिलले विशेष टोली बनाएर अनुगमन-कारवाहीका काम गरिहेको जानकारी दिनुभयो।

यस्तै सार्वजनिक प्रसारण संस्था (नेपाल टेलिभिजन/रेडियो नेपाल) का नायब महाप्रबन्धक राजकुमार थापा, गोरखापत्र संस्थानका निमित्त कार्यकारी सम्पादक नारद गौतमले आफ्ना संस्थाबाट निर्वाचनका विषयमा भइरहेका समाचारीय काम र भावी योजनाबारे अवगत गराउनुभएको थियो।

## प्रत्यक्षतर्फको ...

यसबीचमा निर्वाचन शिक्षा प्रदान गर्ने उद्देश्यले आयोगको निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्रअन्तर्गत मतदाता शिक्षा एकाइले हालसम्म १५८ वटा सामग्री आयोगबाट स्वीकृत गराइ सार्वजनिक गरेको छ। आयोगको आधिकारिक फेसबुक पेज, एक्स, टिकटक र युट्युबमा ती सामग्री राखिएका छन्।

मतदाता, राजनीतिक दल, उम्मेदवार तथा सरोकारवाला लक्षित यस्ता सामग्रीले निर्वाचनको स्वच्छता बढाउने र नागरिकलाई आधिकारिक तथा विश्वसनीय सूचना प्राप्त हुने र मिथ्या तथा भ्रमपूर्ण सूचनाको प्रभाव न्यूनीकरणमा सहयोग पुग्ने विश्वास लिइएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनबारे अन्तरराष्ट्रिय समुदायलाई जानकारी गराउने उद्देश्यका साथ आयोगको समन्वयमा परराष्ट्र मन्त्रालयबाट काठमाडौँस्थित कूटनीतिक नियोग एवं संयुक्त राष्ट्र सङ्घीय निकायका प्रमुख तथा प्रतिनिधिलाई ब्रिफिङ गरेको छ।

सो कार्यक्रममा आयोग र गृह मन्त्रालयका प्रतिनिधिसमेतको उपस्थितिमा निर्वाचनको वातावरण, निर्वाचन आयोगबाट भएका तयारी, राष्ट्रिय र अन्तरराष्ट्रिय पर्यवेक्षणलगायतका विषयमा जानकारी गराइएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

## पूर्वमन्त्री एवं ...

गर्न समस्या परेकाले आजैका मिति देखी पार्टीको सबै पदबाट राजीनामा दिएको उल्लेख गरेका छन्।

राजविराज १६ निवासी उनले आगामी राजनीति यात्राको निर्णय सम्पूर्ण साथी भाई, शुभचिन्तकको सल्लाह सुझाव अनुसार फागुन ७ गते भित्रै लिने जानकारी समेत गराएका छन्। हालै सम्पन्न एमालेको राष्ट्रिय महाधिवेशनमा उनी इश्वर पोखरेल समूहबाट केन्द्रीय सदस्य पदका उम्मेदवार थिए।

आफ्ना प्रतिद्वन्दी पोखरेलको समुहमा लागेपछि एमाले अध्यक्ष ओली सित देवको दुरी बढेको थियो।

# स्वास्थ्य बीमा कार्यक्रमलाई आवश्यक सुधार गरेर लान सांसदको माग

काठमाडौँ, १९ माघ (रासस)।

स्वास्थ्य बीमा कार्यक्रमलाई आवश्यक सुधार गरेर लानुपर्ने सांसद रेणु चन्दले माग गर्नुभएको छ।

सङ्घीय संसद् राष्ट्रियसभाको सोमबारको बैठकमा उहाँले नागरिकको पहुँचमा पुगेको स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको बताउँदै विभिन्न अस्पतालमा भुक्तानीको समस्याले बीमा कार्यक्रम बन्द हुँदा यसबाट सेवा लिने बिरामी मार परेको बताउनुभयो।

उहाँले भन्नुभयो, “राज्यप्रति नागरिकको भरोसा कायम गर्न तत्काल आवश्यक सुधार गरेर अस्पताललाई रकम भुक्तानी सुचारु गर्न अनुरोध गर्दछु।”

सांसद श्रीकृष्णप्रसाद अधिकारीले केही दिनयता काठमाडौँलगायत उपत्यकाबाहिर शृङ्खलाबद्ध रूपमा चोरी, लुटपाट, हत्या, अनलाइन ठगीका घटनाहरू बढ्दै गरेकाले सर्वसाधारण आतङ्कित बनेको बताउनुभयो।

यसैगरी शून्य समयमा आफ्ना धारणा राख्दै सांसद विष्णुकुमारी सापकोटाले जेनजी आन्दोलनपछिको अन्योलबीच देशको निर्माण र ऊर्जा क्षेत्र प्रभावित बनेको बताउनुभयो।

उहाँले भन्नुभयो, “निर्वाचन आचारसंहिता र निर्णयका कारण आयोजना रोकिँदा निर्माण व्यवसायी, मजदुर, लगानीकर्ता समस्यामा परेका छन्। रोकिनुपर्ने र चल्नुपर्ने आयोजनाको निर्णय कसले लिने? आयोजनाको छानबिन कसले गरिरहेको छ? यसबारे जान्न चाहन्छु।”

सांसद किरणबाबु श्रेष्ठले नेपाल अन्तरराष्ट्रिय निकाय (फाइनान्सियल एक्सन टास्कफोर्स-एफएटिएफ) को ‘ग्रे लिष्ट’ मा परेको १ वर्ष बितिसक्दा पनि एफएटिएफले नेपाललाई सुधार गर्नुपर्ने भनी औँल्याएका विषयहरू कार्यान्वयन गर्न प्रयास अपर्याप्त देखिएको भन्दै यसबारे जानकारी गराउन अनुरोध गर्नुभयो।

सांसद पदमबहादुर परियारले आगामी फागुन २१ गते हुन गइरहेको निर्वाचनमा ३० जनाभन्दा बढी सङ्घीय तथा प्रदेशसभाका सांसद एवम् स्थानीय तहका प्रमुखहरूले आफ्नो कार्यकाल सकिनुभन्दा अगाडि नै राजीनामा दिएर निर्वाचनमा होमिनेहरूले जनतासामु गरेका वाचा र शपथ बिर्सिएको आरोप लगाउनुभयो। उहाँले संसदीय अभ्यासलाई मर्यादित बनाउन संविधान र अरु निर्वाचनको कानुन संशोधन गर्न माग गर्नुभयो।

सांसद रुक्मिणी कोइरालाले महिला हिंसा केवल कानुनी मुद्दा मात्र नभई गम्भीर सामाजिक अपराध भएको बताउँदै पीडित महिलाहरूका लागि बनेका कानुन कार्यान्वयनमा जोड दिनुपर्ने बताउनुभयो।

यसैगरी सांसद विष्णुदेवी पुडासैनी अघिल्लो सरकारले छुट्याएको योजनाहरू र छनोट गरेका बजेट सोमबारसम्म पनि नभएको भन्दै असारे विकासले गर्दा जनतालाई सास्ती हुने र बजेट पनि नोक्सान हुने बताउनुभयो।

## प्रतिनिधिसभा सदस्य ...

स्पष्टीकरण सोधिएको आयोगले जनाएको छ। शाहको निर्वाचन प्रचारप्रसारका क्रममा निजको श्रीमतीसँग सादा पोसाकका प्रहरी खटिएको सम्बन्धमा के कसो भएको हो? भनी आयोगले स्पष्टीकरण सोधेको हो। शाहलाई तीन दिनभित्र जवाफ माग गर्दै आयोगले स्पष्टीकरण सोधेको हो।

नेपाली कम्युनिष्ट पार्टीले निर्वाचन आचारसंहिताको प्रतिकूल हुनेगरी प्रतिनिधिसभा सदस्य सिन्धुपाल्चोक जिल्ला निर्वाचन क्षेत्र नं १ को निर्वाचन कार्यालय बाहिर आफ्नो दलको निर्वाचन चिह्न पेन्ट गरेर राखेको भनी स्पष्टीकरण सोधेको छ। उजुरीमा उल्लेख भएको बेहोरामा के कसो भएको हो? यदि आचारसंहिताको उल्लिखित व्यवस्थाको प्रतिकूल हुनेगरी दलको निर्वाचन चिह्न प्रदर्शन गरेको प्रमाणित भएमा त्यस दलको जिल्ला कार्य समितिलाई प्रचलित निर्वाचन कानुनबमोजिम किन कारबाही गर्नु नपर्ने हो? यही विषयलाई लिएर आयोगले सोही क्षेत्रका उम्मेदवार माधव सापकोटालाई पनि स्पष्टिरण सोधेको छ।

यसैगरी आयोगले रुद्र गिरी, मङ्गल प्रजा र अशोक टमानीलाई पनि स्पष्टीकरण सोधेको छ। आयोगले अहिलेसम्म सोधेका २९ स्पष्टीकरणमध्ये १४ वटाको जवाफ प्राप्त भएको प्रवक्ता जिसीले बताउनुभयो।

# भिटामिन डी को कमीले शरीरमा विविध समस्या ल्याउँछ

चितवन, १९ माघ (रासस)।

हाम्रो छाला सूर्यको प्रकाशसँग सम्पर्कमा आउँदा शरीरमा उत्पादन हुने भिटामिन डीको कमी हुँदा शरीरमा विभिन्न समस्या देखा पर्न थाल्छ। चिकित्सकका अनुसार भिटामिन डी शरीरमा पर्याप्त मात्रामा हुनु अति आवश्यक छ। मासु, अण्डा तथा दुग्धजन्य पदार्थमा भिटामिन डी पाइन्छ। भिटामिन डीयुक्त खाना खाएर यसको कमी धेरै हदसम्म हटाउन सकिन्छ, तर केही अवस्थामा सप्लिमेन्ट आवश्यक पर्छ।

भरतपुर अस्पतालका वरिष्ठ फिजिसियन तथा इन्डोक्राइनोलोजिस्ट, एसोसिएट प्रोफेसर डा कल्याण सापकोटाका अनुसार, भिटामिन डीको कमी बच्चादेखि वृद्धसम्म सबै उमेर समूहमा स्वास्थ्य समस्या निम्त्याउन सक्छ। यसलाई ‘सनसाइन भिटामिन’ पनि भनिन्छ। डा सापकोटाले भन्नुभयो, “भिटामिन डी हर्मोन पनि हो। हाम्रो छालामा घामको प्रकाश पर्दा शरीरले यसलाई उत्पादन गर्छ। तर आजकाल धेरै व्यक्तिमा यसको कमी देखिएको छ।”

उहाँले नवजातदेखि १२ महिनासम्मको बच्चामा दैनिक ४०० युनिट र वयस्कमा दैनिक १००० युनिट भिटामिन डी आवश्यकपर्ने बताउनुभयो। अस्पतालमा भिटामिन डीको कमीका कारण विभिन्न लक्षण लिएर धेरै बिरामी आउने गरेको उल्लेख गर्दै उहाँले भन्नुभयो, “भिटामिन डी पाउने मुख्य स्रोत खानपान र घाम हो। खानपानबाट विशेषगरी मासु, अण्डा तथा दुग्धजन्य पदार्थबाट प्राप्त हुन्छ। अन्य खानेकुराबाट पर्याप्त मात्रा पाउन सकिँदैन। जस्तै नूनमा आयोडिन मिलाइन्छ, त्यसैगरी फोर्टिफाइड खाना, तेल वा घ्युमा भिटामिन मिसाएर सेवन गर्न सकिन्छ। नेपालमा खानामा फोर्टिफाइड सामग्री मिसाउने प्रचलन धेरै छैन। साथै, घामको प्रकाशले सबैलाई पर्याप्त भिटामिन डी नपुग्ने अवस्था पनि देखापर्छ।”

उहाँले थप्नुभयो, “भिटामिन डीको लागि विशेषगरी बिहान १०-११ बजेदेखि दिउँसो ३ बजेसम्मको घाम महत्वपूर्ण हुन्छ। उक्त समयमा १०-३० मिनेटसम्म छालामा घाम लाग्दा भिटामिन डी शरीरमा उत्पादन हुन्छ।” उहाँले घाम ताप्दा सनस्क्रिन नलगाउने र छाला ढाक्ने कपडा नलगाउने सुझाव दिनुभयो। उहाँले जाडो महिनामा घामको प्रकाश पर्याप्त नपुग्ने हुँदा यसको पूर्ति खानाबाट वा सप्लिमेन्टबाट गर्नुपर्ने बताउनुभयो।

उहाँका अनुसार भिटामिन डीले क्याल्सियमको सन्तुलन कायम राख्न, हड्डी, मांसपेशी, छाला र रोग प्रतिरोधात्मक प्रणालीको स्वास्थ्य सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ। पर्याप्त भिटामिन डीले क्यान्सर र सङ्क्रमणको जोखिम पनि कम गर्छ। यसको कमीले शरीर दुख्ने, मांसपेशी कमजोर हुने, हड्डी भाँचिने, थकान, बच्चामा उचाइ कम हुनु, खुट्टा बाङ्गो हुनु जस्ता लक्षण देखापर्ने डा सापकोटाले बताउनुभयो।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय राजविराज, सप्तरी

प.सं.०८२/०८३
च.नं.

मिति-२०८२।१०।१२

**विषय:-३५ दिने हक दावी सम्बन्धि सार्वजनिक सुचना।**

रैति नं.२ को रैति पेमराज चौडरियाको नाममा दर्ता रहेको साबिक प्रगन्ना माल फमुना मौजे मधुवन हाल नपाबिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा पाउँ भनि जिल्ला सप्तरी साबिक गा.वि.स.सारस्वर वार्ड नं.९ हाल परिवर्तित बोदेबरसाइन न.पा.वार्ड नं.३ बस्ने स्व.मुनर गढेरीको बुहारी स्व.अमर लाल राउतकी पत्नी लक्षण देवी राउतले यस कार्यालयमा द.नं.२०४८ मिति २०८२।५।५ गतेमा निवेदन परी हक दावी सम्बन्धित सार्वजनीक सुचना प्रकाशित गर्ने मिति २०८२।१०।८ गतेमा आदेश भए बमोजिम यो ३५ दिने हक दावी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदिकाको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स प्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला। म्याद भित्र कसैको हक दावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानुन बमोजिम कार्यवाहि भै जाने छ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**तपसील**

| सा.कि.नं | गा.वि.स | वार्ड नं. | हा.कि.नं. | क्षेत्रफल | तर्फ | साबिक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| [illegible] | सारस्वर | ९(क) | ४७ | ०-०-१८ | ससीम | पेमराज चौडरियाको नाउँमा २००४ सालमा नापी भएको सो जग्गा २०२२ सालमा मुनर गढेरीको नाउँमा कायम रहेको | फिल्डबुकको जग्गाधनी महलमा किसानको महलमा र कैफियत महलमा खाली रहेको। |


सूचना! सूचना! सूचना!!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडिको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*